# समाजवादीमोर्चा, नेपाल
## (Socialist Front, Nepal)

### १. प्रस्तावना

नेपाल एक स्वतन्त्र, सार्वभौमसत्ता सम्पन्न, अविभाज्य, धर्मनिरपेक्ष, बहुधार्मिक, बहुसाँस्कृतिक, बहुभाषिक, बहुजातीयएवम् विविधतायुक्त सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यहो भन्ने मान्यता राख्दै,

राष्ट्रिय स्वाधिनता, सार्वभौमिकता, भौगोलिक अखण्डता, लोकतन्त्र, शान्ति र अग्रगमनको पक्षमाइतिहासको विभिन्न कालखण्डमा भएकाजनआन्दोलन, जनयुद्ध, मधेसजनविद्रोह, एकीकृत जनक्रान्तितथाआदिवासीजनजाति, खस, थारु, मुस्लिम, महिला, दलित, पिछ्डावर्गलगायत उत्पीडित एवम् शोषित जनताले गरेको त्याग, बलिदान र उत्सर्गको उच्च सम्मान, सहीदहरूप्रतिश्रद्धाञ्जली एवम् घाँइते, बेपत्ता, सहीद परिवार र आम नेपालीजनताप्रतिआभार प्रकट गर्दै,

सङ्घीय लोकतान्त्रिक गणतन्त्र, समानुपातिक समावेशीता, जनताको सार्वभौमिकता, नागरिक स्वतन्त्रता, बहुदलीयप्रतिस्पर्धा, आवधिकनिर्वाचन, कानुनी राज्य, मौलिकएवम् मानवअधिकार, शक्ति पृथकीकरण, स्वतन्त्रन्यायपालिका, प्रेस स्वतन्त्रता, धर्मनिरपेक्षता, लोककल्याणकारी राज्य, समावेशीलोकतन्त्रलगायतकालोकतान्त्रिकमूल्यमान्यता र समाजविकासको क्रममाविकसित ज्ञान, विज्ञान र प्रविधि समेतको आधारमासमाजवादीगणतन्त्रात्मक राज्यनिर्माण गर्ने सङ्कल्पगर्दै,

जनआन्दोलन, जनयुद्ध, मधेसजनविद्रोहलगायतकाविभिन्न समुदायले गरेकाआन्दोलनबाट विकसित २०६२/६३ सालको जनक्रान्तिकाउपलब्धीस्वरूपप्राप्तसङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढीकरण र संस्थागतविकास गरी मुलुकको विकास, समानता, सुशासन, सम्पन्नता, सामाजिक सुरक्षा, आर्थिक एवम् सामाजिकन्यायसहितकोअग्रगामी रूपान्तरण तथानेपालीविशेषताको समाजवादको लक्ष्यप्राप्तितर्फ दृढतापूर्वक अगाडि बढ्ने सङ्कल्पगर्दै,

मुलुकमाविद्यमान रहेको राष्ट्रिय राजनीतिक, आर्थिक, सामाजिक एबम् साँस्कृतिक समस्या र चुनौतिको सामनागर्न तथा राष्ट्रिय राजनीतिमापश्चगामी, यथास्थितिवादी रअग्रगामी राजनीतिकप्रवृत्तिविद्यमान रहेको वर्तमानअवस्थामादेशलाई अग्रगामीनिकास दिनसमाजवादीशक्तिहरूको एकतावद्ध पहलकद्मीआवश्यकता छ भन्ने कुरा हृदयङ्गमगर्दै,

संविधानको रक्षा, कार्यान्वयन, समयसापेक्ष संशोधन, परिमार्जन र विकासका साथै शान्तिप्रक्रियाकाबाँकीकामहरूको पूर्णता र सङ्घीय शासन प्रणालीमा आधारित समतामूलक, न्यायपूर्ण,विभेदरहित समाजवादी गणतन्त्रात्मक व्यवस्था स्थापनागर्ने उद्देश्यले हामीनिम्न साझा मुद्दा, लक्ष्य र उद्देश्यहरूप्राप्तिकालागिसमाजवादीमोर्चा, नेपाल(Socialist Front, Nepal) गठन गर्न सहमतभएका छौं ।

## २. मोर्चाका उद्देश्यतथानीतिगत प्रतिबद्धताहरू

सङ्घीयता, लोकतन्त्र, सुशासन, समृद्धि र सामाजिकआर्थिक न्यायसहितको नेपालीविशेषताको समाजवादको स्थापनागर्नु मोर्चाको प्रमुख उद्देश्यहुने छ । त्यस उद्देश्यप्राप्तिकालागिहाम्रा वैचारिक एवम् राजनीतिक प्रतिबद्धताहरूनिम्नबमोजिम रहेका छन् ।

१. सङ्घीय लोकतान्त्रिक गणतन्त्रको रक्षा र सुदृढीकरण गर्दै नेपाली समाजवादको विशेषताहरूपहिचान गरी समाजवादको नेपाली बाटो तय गर्ने ।

२. नेपालमा सदियौंदेखि कायम रहिआएको वर्गीय, जातीय, भाषिक, क्षेत्रीय, लैङ्गिक र जातव्यवस्थाजन्यशोषण, उत्पीडन, असमानता र विभेदहरूअन्त्यगर्ने।त्यसकालागिनिरन्तर जनपहल र जनदवाव सृजनागर्ने ।मानवविकास सूचाङ्कमा पछाडि परेकामधेस, कर्णाली र सेती-महाकालीलगायत पिछडीएको क्षेत्र रजनताको विकास र अवसरलाई विशेष प्राथमिकतामा राख्ने ।

३. राजनीतिक, आर्थिक, सामाजिक र साँस्कृतिकरूपले बहिष्करणमा परेकावापारिएकामधेसी, आदिवासीजनजाति, खस, दलित, मुस्लिम, थारु, पिछडावर्ग, अल्पसङ्ख्यक समुदाय, विपन्नवर्ग लगायतका सीमान्तकृत समुदायहरूको पहिचानको मान्यता, समावेशीकरण र सामाजिकन्यायको प्रत्याभूति गराउने कार्य अगाडि बढाउने,

४. जनताको नागरिक र राजनीतिकअधिकारका साथै आर्थिक, सामाजिक र सांस्कृतिकअधिकारको प्रत्याभूति गराउँदै शान्तिपूर्ण, न्यायसंगत र समावेशी समाजको निर्माण गर्ने,

५. वित्तीयएकाधिकार तथादलालपुँजीवादको शोषण र हस्तक्षेपबाट मुक्ततथासार्वजनिक, सहकारी र निजी क्षेत्रको समन्वयात्मक, सहकार्यात्मक रक्रियाशीलभूमिकाकाआधारमा समाजवादीअर्थ-राजनीतिकव्यवस्थाअवलम्बनगर्ने । प्रगतिशील कर प्रणाली लागू गर्ने । देशको अर्थव्यवस्थामानीतिगततथा संरचनागत सुधार गरी उत्पादनमुखी अर्थतन्त्र, आपूर्ति व्यवस्थामा सुधार तथा समन्यायिकवितरणको व्यवस्थागर्ने ।

६. आन्तरिक र बाह्यलगानीमैत्रीवातावरण निर्माण गरी देशलाई औद्योगिकरण गर्ने, वैदेशिक रोजगारीबाट पुँजी र प्रविधिसहितफर्केका नेपालीहरूलाई देशभित्र रोजगारमूलकव्यवसायगर्न प्रोत्साहितगर्ने र उत्पादनकाक्रियाकलाप वृद्धि गरी रोजगारी प्रदानगर्ने । गरिवीउन्मूलन र रोजगार प्रवर्द्धनको क्षेत्रहरूमालगानी बढाउन तीनवटै तहको सरकारहरूलाई क्रियाशीलबनाउने ।

७. वैज्ञानिक भू-उपयोग नीतिलागू गर्दै कृषिक्रान्तिको माध्यमबाट कृषिको औद्योगीकरण, व्यवसायिकरण र आधुनिकीकरण गरी कृषिमानिर्भर श्रमजीवीजनताको जीवनस्तर सुधार, समृद्ध र समुन्नतबनाउने,उर्जा, जलश्रोत, बन,उद्योग, वाणिज्य,पर्यटन, सूचनाप्रविधि,भौतिकपूर्वाधार, यातायातलगायतकोक्षेत्रलाई आर्थिक समृद्धिको सम्बाहकको रूपमाविकासगर्ने ।

८. शिक्षा, स्वास्थ्य जस्ता सामाजिक क्षेत्रहरूको रूपान्तरणका लागि राज्यले प्राथमिकतादिने । सबैकालागि गुणस्तरीय शिक्षा, स्वास्थ्यसेवा, रोजगार, सामाजिक सुरक्षा र आवासमापहुँचको

प्रत्याभूतिगराउने । शिक्षालाईजनताको पहुँचभित्र राख्न सामुदायिकशिक्षाप्रभावकारी बनाउने । प्रत्येकनागरिकलाई आधारभूत स्वास्थ्य सेवानिःशुल्कउपलब्ध गराउने ।

९. जलवायु परिवर्तन, वातावरणीय प्रदुषण र प्राकृतिकविपत्काकारण उत्पन्ननकारात्मक असरलाई नियन्त्रण गर्ने, जैविकविविधता र पर्यावरणको संरक्षण गर्ने,

१०. गुणस्तरीय सेवाप्रवाहकालागि सार्वजनिकप्रशासनचुस्त दुरुस्त बनाउने, अनुगमन र मूल्याङ्कनकाा परिपाटी स्थापितगर्ने, समग्रिक योजनातर्जुमागर्ने, शासकीय सुधार गर्ने तथा देशमा देखा परेको अनियमित्तता, प्रशासनिक ढिलासुस्ति, भ्रष्टाचार, कमिशनतन्त्र जस्ता अपराध र विकृतिलाई नियन्त्रण गरी जनतालाई सदाचार र सुशासनको प्रत्याभूति गराउने,

११.सङ्घीयताको प्रभावकारी कार्यान्वयनकालागि सङ्घ, प्रदेश र स्थानीयतहका सरकारहरूबिचको क्षेत्राधिकारलाई स्पष्ट पार्ने, देशको राजस्वतथा स्रोत साधनहरू सन्तुलित र न्यायोचित रूपमा बाँडफाँट गर्ने र राज्यकातर्फबाट प्रदानगरिने सेवा सुविधाहरू जनतामा पुऱ्याउनप्रदेश तथा स्थानीयतहलाई सक्षमबनाउँदै सङ्घीय समाजवादी प्रणालीलाई समृद्धगर्ने ।

१२. देशको स्वाधिनता, सार्वभौमसत्ता र राष्ट्रिय हितको रक्षागर्न एवमजनताको समृद्धिका लागिसंयुक्त राष्ट्रसङ्घको वडापत्र र पञ्चशीलको सिद्धान्तलाई आधारमानी स्वतन्त्र, असंलग्न र सन्तुलित परराष्ट्र नीतिअबलम्वनगर्ने,

१३. विगतकाविभिन्न कालखण्डमा भएकाआन्दोलनहरूकाकारण विभिन्नदलका नेता/कार्यकर्ताहरूमाथिलगाइएका मुद्दाहरूको खारेजी र राजबन्दी रिहाईकालागिआवश्यककानूनी र राजनीतिकपहलगर्ने ।विभिन्न राजनीतिकदलहरूसँग भएका सहमतिर सम्झौताहरू कार्यान्वयनगर्ने ।

१४. समाजको विविधतायुक्त चरित्रअनुरूप राष्ट्रिय, लोकतान्त्रिक र बैज्ञानिक संस्कृति प्रवर्द्धन गर्ने । जाति, भाषा, धर्म तथा संस्कृतिको क्षेत्रमा रहेका सम्पूर्ण भेदभावहरूको अन्त्य गरी राष्ट्रिय एकता प्रवर्द्धन गर्ने । प्रगतिशील कला, साहित्य र संस्कृतिको विकासलाई प्रोत्साहित गर्ने ।

१५.समाजमाविद्यमानवर्गीय, जातीय, क्षेत्रीय, लिङ्गीय सबै प्रकारकाशोषण, उत्पीडन र विभेदहरूको अन्त्य गरी समता, स्वतन्त्रता एबम् न्यायमाआधारित सामाजिकव्यवस्थानिर्माण गर्ने ।श्रम-संस्कृतिलाई प्रोत्साहितगर्ने । श्रमजीवीजनताको पहलकद्मीमाआर्थिक समृद्धिको माध्यमबाट आर्थिक, सामाजिक र साँस्कृतिक रूपान्तरण गर्ने ।

## ३. सङ्गठनात्मक संरचना

मोर्चाको नीतिगत निर्णय गर्न सदस्यदलहरूको अध्यक्षसहिततोकिएकाप्रतिनिधिहरू रहेको एक संयोजन समितिहुने छ । उक्त समितिले आवश्यकताअनुसार उपसमितिहरू गठन गरी क्षेत्राधिकार तोक्न सक्ने छ । समितिले समान उद्देश्य, नीति, कार्यक्रमबोकेकार मोर्चाकाअवधारणालाई समर्थन गर्ने राजनीतिकदलहरूसँग वार्ता गरी यस मोर्चामा सामेलगर्नसक्ने छ । यो मोर्चालाई आवश्यकताअनुसार प्रदेश र स्थानीयतहसम्मविस्तार गरिने छ ।

### ४. सचिवालय

मोर्चाले तय गरेको नीति, योजना र कार्यक्रमहरूको कार्यान्वयन र अनुगमनका साथै दैनिककार्य सञ्चालनगर्न एक सचिवालयहुने छ, जसमा सदस्य दलहरूबाट तोकिएबमोजिमकाप्रतिनिधिहरू रहने छन् ।

### ५. सदस्यता र घटक दलहरूको स्वायत्तता

यस सहमति-पत्रमा सहमति जनाई हस्ताक्षर गर्ने दलहरू यस मोर्चाको सदस्य हुने छन् । मोर्चा निर्माण भइसकेपछिको अवस्थामा समितिले निर्णय गरी अन्य समाजवादी तथा प्रगतिशील दलहरूलाई पनि यसमा समावेश गर्न सकिने छ । यसका सदस्यहरूले मोर्चाको नीति, कार्यक्रम र उद्देश्यविपरीत हुने गरी आफनो गतिविधि गर्ने छैनन् । तर आफ्नो अलग कार्यक्रममा पार्टी नीतिअनुरूप काम गर्न स्वतन्त्र हुने छन् ।

### ६. मोर्चाको नेतृत्व र निर्णय प्रक्रिया

मोर्चाको नेतृत्वशिर्ष नेताहरूले आलोपालो गर्ने छन् । यस मोर्चाको निर्णय प्रक्रिया सहमति र सहकार्यको मान्यताअनुरूपहुने छ । यस मोर्चाका सदस्यहरूले साझानीति, कार्यक्रम र उद्देश्यको आधारमा काम कारबाही गर्ने छन् ।

### ७. नीति तथा कार्यक्रम

मोर्चाले आफ्नो साझा नीति तथा कार्यक्रम, आचारसंहिता र आवश्यकताअनुसार कार्यविधिहरू बनाउने छ र समयसापेक्ष परिमार्जन गर्ने छ । मोर्चाले घटक सदस्यहरूबिच सहकार्यको संस्कृति विकास गर्दै केन्द्रदेखि स्थानीय स्तरसम्म प्रचार प्रसार, अन्तर्क्रिया, आमसभा तथा आवश्यकतानुसार संयुक्त सङ्घर्षका कार्यक्रमहरू सञ्चालन गर्ने छन् ।

पुष्पकमलदाहाल ‘प्रचण्ड’ माधवकुमार नेपालउपेन्द्र यादव नेत्रविक्रमचन्द‘विप्लव’

अध्यक्ष अध्यक्ष अध्यक्षमहासचिव

नेपाल कम्युनिष्ट पार्टी नेपाल कम्युनिष्ट पार्टी जनता समाजवादी पार्टी, नेपाल कम्युनिष्ट पार्टी

(माओवादी केन्द्र) (एकीकृत समाजवादी) नेपाल